नि.प्र.का. सप्तरी द.नं. २१/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक २६४ २०८२ साल जेठ १२ गते सोमबार (26 May 2025 Monday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : छुवाछूतका घटनाबाट ... ३ पृष्ठमा : पर्वतीय पर्यटन नेपालको ... ३ पृष्ठमा : दशौं लाख सिरियाली नागरिक ...

# पाँच महिनाको अवधीमा १० हजार भन्दा बढी आँखाका बिरामीले पाए उपचार



**दैनिक समाचारदाता**
**राजविराज, ११ जेठ ।**

राजविराज ९ मलेठस्थित आँखा उपचार केन्द्र आँखाका बिरामीहरुका लागि पहिलो रोजाईमा पर्ने गरेको पाइएको छ ।

बि.स. २०५८ सालमा स्थापना गरिएको आँखा उपचार केन्द्रमा नेपाल लगायत भारतबाट समेत उल्लेख्य संख्यामा विरामीहरु आँखा उपचारका लागी आउने गरेको सार्वजनिक गरिएको तथ्याङ्कले देखाएको छ ।

सगरमाथा चौधरी आँखा अस्पताल लहानद्वारा दुई दशक अघि पूर्वाावाञ्चल क्षेत्रिय आँखा उपचार कार्यक्रम अन्तर्गत उक्त केन्द्रको स्थापना गरिएको थियो । सुरु सूरुमा आँखाको सामान्य उपचार गरिने र जटिल प्रकृतिका रोगीलाई लहान स्थित चौधरी आँखा अस्पताल लगी उपचार गरिने गरिएकोमा हाल ३० शैयाको अस्पतालको रुपमा विकास गरी विशेषज्ञ चिकित्सक टोलीद्वारा मोतियाविन्दुको शल्यक्रिया समेतको सेवा विस्तार गरिएपछी उपचारका लागी आउने विरामीहरुको घुईचो लाग्ने गरेको केन्द्रका प्रमुख एवं नेत्र अधिकृत डा.रामकुमार झाको भनाई छ ।

आँखा उपचार केन्द्रमा दैनिक १ सय ५० देखी २ सय २५ जना सम्म विरामी उपचारका लागी आउने गरेका छन । आउने विरामीहरुमा २५ प्रतिशत भन्दा बढी सीमावर्ती भारतीय क्षेत्रका नागरीक हुने गरेको नेत्र अधिकृत झा बताउँछन ।

भारतमा उपचार सेवा महँगो हुने, सेवा लिन निकै झन्झटीलो हुने तथा यस केन्द्रले उपचारमा विश्वसनियता स्थापित गरीसकेकाले भारतीय नागरिक पनि यतै आउन थालेको सहायक नेत्र अधिकृत अनुराधा साहले सुनाईन ।

केन्द्रबाट सन २०२४ जनवरीदेखी २०२४ डिसेम्बर सम्मको १ वर्षको अवधीमा २८ हजार विरामीले उपचार सेवा प्राप्त गरेका छन । जसमध्ये १ हजार ३ सय ५ जना मोतियाबिन्दुका विरामीको सल्यक्रिया गरिएको केन्द्रको तथ्याङ्कले देखाएको छ ।

यस्तै २०२५ जनवरी देखीहाल सम्म ५ महिनाको अवधीमा १० हजार ३ सय ७० जना विरामीले आँखा सम्बन्धि रोगको उपचार सेवा प्राप्त गरेका छन । जसमध्ये ५ सय ५६ जनाको मोतियाबिन्दु विरामीको सफल शल्यक्रिया गरीएको केन्द्रका कम्प्युटर अपरेटर एवं रेकर्ड शाखाका कर्मचारी सुमित कर्णले जानकारी दिए ।

लहानस्थित चौधरी आँखा अस्पतालबाट आउने विशेषज्ञ सहितको चिकित्सक टोलीले शल्यक्रिया उपचार सेवा प्रदान गर्ने गरेको केन्द्रका प्रमुख झाको भनाई छ । उपचारका लागी आउने विरामीको चाप बढ्दै गएपछि व्यवस्थापनमा भने चुनौती थपिएको केन्द्रका प्रमुख झाको कथन छ । उनले हाल केन्द्रमा एक जना नेत्र अधिकृत, एक जना सहायक नेत्र अधिकृत गरी १० जना कर्मचारी कार्यरत रहेको बताए ।

उनले भिजन परिक्षण, सुरक्षागार्ड र काउन्सिलीङ्ग विभाग तर्फ थप जनशक्तीको अभाव रहेको बताउँदै साधन श्रोत र जनशक्ती थपिए अझ प्रभावकारी ढंगले सेवा प्रदान गर्न सक्षम हुने उल्लेख गरे ।

उक्त केन्द्र १४ कठ्ठा जग्गामा फैलिएको छ । तर प्रयोगमा ८ कठ्ठा जग्गा मात्रै रहेको उनले जानकारी दिए । विरामीको चाप बढ्दै गएपछी कम्तीमा ५० शैयाको रुपमा

*बाँकी तीन पृष्ठमा*

# अदालतबाट कैद सजाय तोकिएका दुई फरार अभियुक्त पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ११ जेठ ।**

अदालतबाट कैद सजाय तोकी फरार रहेका दुई अभियुक्तलाई प्रहरीले आइतबार पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय मातहतका इलाका प्रहरी कार्यालय बोदेबरसाईनबाट खटेको प्रहरी टोलीले सप्तरी जिल्ला अदालतबाट चोरी र लागुऔषध मुद्दामा फैसला भई कैद सजाय तोकिएका दुई जनालाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा चोरी मुद्दाका सप्तरीको बोदेबरसाईन नगरपालिका ५ का खुसरुद्दिन मियाँ छन् । उनलाई सो मुद्दामा सप्तरी जिल्ला अदालतले २ महिना कैद र दुई हजार रुपैयाँ जरिवाना हुने ठहर गरेको थियो ।

यस्तै लागुऔषध मुद्दाका फरार प्रतिवादी सोही पालिकाको वडा नम्बर ३ निवासी अमित कुमार साह पनि पक्राउ परेका छन् । सो मुद्दामा सप्तरी जिल्ला अदालतले उनलाई एक महिना

*बाँकी तीन पृष्ठमा*

# गणतन्त्र दिवसमा प्रेस स्वतन्त्रता सेनानीहरुलाई सम्मान गरिने : संचारमन्त्री लेखी



**दैनिक समाचारदाता**
**जनकपुरधाम, ११ जेठ ।**

गणतन्त्र दिवसको अवसर मधेस सरकारको गृह, सञ्चार तथा कानून मन्त्रालयले यस प्रदेशका प्रेस स्वतन्त्रता सेनानीहरुलाई सम्मान गर्ने भएको छ ।

गृह, सञ्चार तथा कानून मन्त्री राजकुमार लेखीले यही जेष्ठ १५ गते गणतन्त्र दिबसको अवसरमा एक समारोहका बिच यस प्रदेशका प्रेस स्वतन्त्रता सेनानीहरुलाई सम्मान सहित अभिनन्दन गरिने जानकारी दिएका छन् ।

प्रदेश सरकार प्रवक्ता समेत रहेका सञ्चार मन्त्री लेखीले नेपाल पत्रकार महासंघ मधेस प्रदेश र यस प्रदेशका आठै जिल्लास्थित रहेका नेपाल पत्रकार महसघका शाखाहरुलाई प्रेस स्वतन्त्रता सेनानीहरुको नामाबली उपलब्ध गराइ दिन आग्रह समेत गरेका छन् ।

*बाँकी तीन पृष्ठमा*

**घरभाडा चाहिएमा**

राजविराज नगरपालिकाको मुख्य बजार क्षेत्र मेनरोडमा पसल, संघ-संस्था, बैंक, बित्तिय संस्था, विमा कम्पनी लगायत प्रयोजनका लागि सटर तथा कोठाहरु भाडामा चाहिएमा समपर्क गर्नुहोस् ।

राजविराज ४

९८४२८२१०८२, ९८१९७२५०८२

**कृषि उत्पादन बढाऔं ।**

- खेतबारी बाँझो नराखौं, उत्पादनमा जोड दिऔं,
- जैविक मल र जैविक विषादीको प्रयोग बढाऔं,
- स्थानीय बीउबिजन तथा रैथाने बालीको संरक्षण गरौं,
- प्राङ्गारिक वस्तुको उत्पादन र उपभोगलाई प्रवर्द्धन गरौं,
- कृषि तथा पशुपन्छी पालनसम्बन्धी तालिम, गोष्ठी तथा सेमिनारमा सहभागी होऔं,
- कृषि अनुदानको सही सदुपयोग गरौं,
- बाली तथा पशुपन्छीमा समस्या देखिए कृषि प्राविधिकसङ्ग सल्लाह-सुझाव लिऔं,

कृषि पेशाको सम्मान गरौं, कृषकलाई प्रोत्साहन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### मौसम परिवर्तनले स्वास्थ्यमा असर पुऱ्याउँदै, ध्यान दिनु आवश्यक

अहिले दिनहुँ मौसम परिवर्तन भइरहेको छ । मौसम परिवर्तनसँगै मानिसको स्वास्थ्यमा असर परिरहेको छ । मौसम परिवर्तनले सबैभन्दा बढी बालबालिकाहरुमा असर परिरहेको छ । ज्वरो आउने, रुखाखोकी, झाडापखाला जस्ता कारणले अहिले बालबालिकाहरु बिरामी परिरहेका छन् । यसबाहेक बृद्धबृद्धाहरुलाई टाउको दुख्ने, झाडापखाला, ज्वरो, रुघाखोकी, शरीर दुख्ने जस्ता रोगहरुका कारण बिरामी परिरहेका छन् । यसतर्फ ध्यान नदिंदा यस किसिमका सामान्य रोगले उग्र रुप लिएर जटिल समस्या निम्त्याउँछ ।

व्यक्तिहरुको ज्यान समेत जान सक्ने भएकाले मौसम परिवर्तन भइरहेको समयमा चनाखो हुनु अत्यन्तै जरुरी छ । गर्मीबाट बर्षाको मौसम आउँदा बढी मात्रामा झाडापखालाको प्रकोप देखापर्छ । बर्षापछि आएको गर्मी परिवर्तन भएर जाडो आउन थालेपछि रुघाखोकी, ज्वरोसहितका सामान्य लक्षणहरु व्यक्तिमा देखापर्छन् ।

यस्ता सामान्य बिमारीहरुको समयमै ध्यान नदिइए ठूला रोगहरु लाग्न सक्छन् । तसर्थ ताजा खानाका साथै उमालेको पानी पिउनेतर्फ ध्यान दिनु जरुरी छ । यसप्रति सबै मानिस सचेत भई स्वास्थ्यप्रति बढी ध्यान दिनेतर्फ अग्रसरता देखाउनु अति आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# छुवाछूतका घटनाबाट १४ वर्षमा १७ जनाको ज्यान गयो

काठमाडौं, ११ जेठ (रासस) ।

जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय ऐन, २०६८' जारी भएको शनिबार १४ वर्ष पूरा भएको छ । तर ऐन कार्यान्वयन पछि पनि जातीय भेदभाव तथा छुवाछुतका घटनामा कमी आउन सकेको छैन ।

यस अवधिमा पानी, चुल्हो छोएको र अन्तजातीय विवाह गरेको निहुँमा १७ जना दलित समुदायका व्यक्तिको हत्या भएको छ भने कैयौं सामाजिक बहिष्करणमा परेको समता फाउन्डेशनले जनाएको छ ।

फाउन्डेशनका अनुसार ऐन लागू भएपछि राजेश नेपाली (पर्वत), रुपमती कुमारी दास (मोरङ), नवराज विक (जाजरकोट) मनवीरे सुनार (कालीकोट), शिवशङ्कर दास (सप्तरी), सेते दमाईं (दैलेख), झुमा विक (ताप्लेजुङ), सङ्गीता परियार (तनहुँ) र अस्मिता सार्की (झापा) को हत्या भएको छ ।

त्यसैगरी लक्ष्मी परियार (काभ्रे), अजित मिजार (काभ्रे), श्रेया सुनार (कास्की), मना सार्की (कालीकोट), दितीया रेष्मा रसाइली (धनुषा), माया विक (कैलाली), टीकाराम नेपाली (रुकुम) र अङ्गिरा पासी (रुपन्देही) को पनि हत्या गरिएको फाउण्डेशनका अध्यक्ष डा मदन परियारले जानकारी दिनुभयो ।

ऐनबमोजिम कसुर गरेको ठहरेमा अदालतले कसुरदारबाट पीडितलाई दुई लाख रुपैयाँसम्म क्षतिपूर्ति भराइदिनुपर्ने व्यवस्था छ । कसुर गर्नेलाई तीन महिनादेखि तीन वर्षसम्म कैद र ५० हजारदेखि दुई लाख रुपैयाँ जरिवाना हुने पनि व्यवस्था छ । छुवाछूतका घटनालाई गाउँमै मिलापत्र गर्ने, प्रहरी प्रशासनले ऐनबारे अनविज्ञता प्रकट गर्दै उजुरी दिन आनाकानी गर्ने र यदि उजुरी दर्ता गरेपनि पीडककै पक्षमा फैसला हुने गरेको अध्यक्ष परियारको बताउनुहुन्छ । अन्तरजातीय विवाह गरेकै कारण थुप्रै जोडी र दलित परिवार विस्थापित भएका छन् ।

विसं २०६८ जेठ १० गते व्यवस्थापिका-संसद्को बैठकले सर्वसम्मतिबाट 'जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८' पारित गरेको थियो । ऐन व्यवस्थापिका-संसद्बाट पारित भएलगत्तै दैलेख तोली गाविस-२ धनीगाउँ निवासी सन्तबहादुर दमाईं र सोही स्थान बस्ने राजकुमारी शाहीबीच प्रेम सम्बन्ध कायम भई दुवैको आपसी समझदारीमा प्रेमविवाह गरेको निहुँमा राजकुमारी शाहीको माइतीपक्षले २०६८ साल भदौ १४ गते सन्तबहादुरका बाबु सेतेलाई साङ्घातिक आक्रमण गरेपछि निजको मृत्यु भएको थियो ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) नेता पर्शुराम रम्तेलले ऐनको प्रभावकारी कार्यान्वयनमा राज्य गम्भीर हुनुपर्ने धारणा व्यक्त गर्नुभयो । "मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अभ्यास भइरहेको छ । सामाजिक न्यायमा आधारित समाज निर्माणसँगै मुलुकलाई आर्थिक विकासको बाटोमा अगाडि बढाउने भनिएको छ । तर कूल जनसङ्ख्याको १४ प्रतिशत दलित समुदाय अहिले पनि विभेदको जीवन बाँचिरहेको छ", उहाँले भन्नुभयो । दलित समुदायमाथि भइरहेको जातीय भेदभाव तथा छुवाछुतलाई पूर्ण रुपमा अन्त्य गर्न ऐनको व्यावहारिक रुपमै प्रभावकारी कार्यान्वयन गर्नुपर्ने दलित अधिकारकर्मी बताउँछन् ।

# सरकारले १० महिनामा चार खर्ब ऋण उठाउँदा तीन खर्ब आठ अर्ब साँवा ब्याज भुक्तानी

काठमाडौं, ११ जेठ (रासस) ।

सरकारले चालु आर्थिक वर्ष २०८१/८२ को १० महिनामा करिब चार खर्ब बराबर सार्वजनिक ऋण उठाउँदा तीन खर्ब आठ अर्ब हाराहारी साँवा ब्याज भुक्तानी गरेको छ ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले तयार पारेको वैशाख मसान्तसम्मको सरकारी ऋणको प्रतिवेदनअनुसार चालु आर्थिक वर्षको सुरुमा कूल सार्वजनिक ऋण रू २४ खर्ब ३४ अर्ब नौ करोड रहेकामा पछिल्लो १० महिनामा रू एक खर्ब ८८ अर्ब ३० करोड थप वृद्धि भई कूल ऋण दायित्व रू २६ खर्ब २२ अर्ब ४० करोड पुगेको छ । जुन कूल गार्हस्थ्य उत्पादनको ४२.९४ प्रतिशत हुन आउँछ । कूल सार्वजनिक ऋणमा वैशाख मसान्तसम्ममा वैदेशिक ऋणको हिस्सा ५१.६९ प्रतिशत अर्थात् रू १३ खर्ब ५५ अर्ब ६९ करोड रहेको छ ।

आन्तरिक ऋणको हिस्सा ४८.३१ प्रतिशत अर्थात् रू १२ खर्ब ६६ अर्ब ७० करोड रहेको छ । वैशाख महिनामा सार्वजनिक ऋण प्राप्तिभन्दा साँवा भुक्तानी बढी गरेकाले अघिल्लो महिनाको तुलनामा कूल सार्वजनिक ऋण दायित्व घट्न गएको कार्यालयले जनाएको छ । गत चैत मसान्तसम्ममा कूल सार्वजनिक ऋण रू २६ खर्ब ६७ अर्ब २६ करोड बराबर थियो ।

सरकारको वार्षिक लक्ष्यअनुसार आन्तरिक ऋण उठाउन प्रगति देखिए पनि बाह्य ऋण भने वार्षिक लक्ष्यको तुलनामा कम मात्र उठेको छ । "चालु आर्थिक वर्षमा जम्मा रू पाँच खर्ब ४७ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखिएकामा वैशाख मसान्तसम्ममा रू तीन खर्ब ९० अर्ब ८३ करोड ऋण प्राप्ति भएको छ । वार्षिक लक्ष्यको तुलनामा कूल ऋण प्राप्ति ७१.४५ प्रतिशत रहेको छ", प्रतिवेदनमा भनिएको छ, "जसमध्ये आन्तरिक ऋण प्राप्तिको प्रगति ९१.२५ र बाह्य ऋण प्राप्तिको प्रगति ४१.३३ प्रतिशत रहेको छ । कूल सार्वजनिक ऋण प्राप्तिमध्ये आन्तरिक ऋण ७७.०५ र बाह्य ऋण २२.९५ प्रतिशत रहेको छ ।"

चालु आर्थिक वर्षका लागि सरकारले रू तीन खर्ब ३० अर्ब आन्तरिक ऋण उठाउने लक्ष्य राखेकामा हालसम्म रू तीन खर्ब एक अर्ब १४ करोड उठाएको छ भने रू २८ अर्ब ८५ करोड आन्तरिक ऋण उठाउन बाँकी छ ।

त्यसैगरी यस वर्ष रू दुई खर्ब १७ अर्ब बाह्य ऋण उठाउने सरकारी लक्ष्य रहेकामा हालसम्म रू ८९ अर्ब ६८ करोड उठिसकेको छ भने रू एक खर्ब २७ अर्ब ३१ करोड उठ्न बाँकी छ ।

सरकारले यस वर्ष सार्वजनिक ऋणको साँवाब्याज भुक्तानीका लागि रू चार खर्ब दुई अर्ब ८५ करोड बजेट छुट्याएको थियो । जसमध्ये गत वैशाख मसान्तसम्ममा रू तीन खर्ब आठ अर्ब १४ करोड साँवाब्याज भुक्तानी भएको छ । यो वार्षिक बजेट विनियोजनको आधारमा ७६.४९ प्रतिशत हो । कूल गार्हस्थ्य उत्पादनका आधारमा वैशाख मसान्तसम्ममा कूल ऋण सेवा खर्च पाँच दशमलव ०५ प्रतिशत रहेको कार्यालयले जनाएको छ ।

# सूचना प्रविधि क्षेत्रका सस्थाद्वारा सरकारलाई सुझाव

काठमाडौं, ११ जेठ (रासस) ।

सरकारको सार्वजनिक सेवा प्रणालीलाई डिजिटल, पारदर्शी र प्रभावकारी बनाउने उद्देश्यले तयार गरिएको 'ई-गभर्नेन्स ब्लुप्रिन्ट २०८१'मा सूचना प्रविधि क्षेत्रका तीन प्रमुख संस्थाले ४१ बुँदे सुझाव दिएका छन् ।

कम्प्युटर एसोसिएसन नेपाल महासङ्घ (क्यान महासङ्घ), साइबर सुरक्षा अनुसन्धान तथा नवप्रवर्तन केन्द्र (सीएसआरआई नेपाल) र इन्फरमेशन सेक्युरिटी रेस्पोन्स टिम नेपाल (एनपीसर्ट) को प्रतिनिधिमण्डलले संयुक्त रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव चूणामणि पौडेललाई सुझावसहितको दस्तावेज बुझाएका हुन् ।

ती संस्थाले ब्लुप्रिन्टलाई डिजिटल नेपाल निर्माणको दिशामा ठोस पहलको रूपमा औँल्याउँदै सुधारका लागि आवश्यक सुझाव प्रस्तुत गरेका छन् । प्रधानमन्त्रीको अध्यक्षतामा गत वैशाख १७ गते बसेको ई-गभर्नेन्स आयोगको पहिलो बैठकपछि सुरु भएको परामर्श र विश्लेषणपछि तयार पारिएको यस मस्यौदामा मन्त्रालय, स्वायत्त निकाय, विज्ञ र सरोकारवालाको सहभागिता रहेको थियो ।

क्यान महासङ्घका कार्यवाहक अध्यक्ष एवम् वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी अधिकारीले 'डिजिटल बाइ डिफल्ट' नीति, सार्वजनिक-निजी साझेदारीको प्रवर्द्धन र 'एक नागरिक - एक ड्यासबोर्ड' अवधारणाले समावेशी डिजिटल भविष्यको मार्ग प्रशस्त गर्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले साइबर सुरक्षा सुदृढीकरण, डिजिटल साक्षरताको प्रवर्द्धन र एआई तथा ब्लकचेनजस्ता प्रविधिको उपयोगलाई प्राथमिकता दिनुपर्ने बताउनुभयो ।

चास्सीएसआरआई नेपालका अध्यक्ष डा शालिग्राम पराजुलीले डिजिटल नेपाल फ्रेमवर्कसँग समन्वयमा सरकारी सेवाको प्रभावकारिता र सहभागिता बढाउन ब्लुप्रिन्टले सहयोग गर्ने बताउनुभयो । उहाँले डेटा एक्सचेन्ज प्लेटफर्म मजबुत पार्दै अवधारणागत नक्कल न्यूनीकरण र स्रोतको प्रभावकारी उपयोग गर्नुपर्ने धारणा राख्नुभयो ।

इन्फरमेशन सेक्युरिटी रेस्पोन्स टिम नेपालका अध्यक्ष डा राजीव सुब्बाले डेटा सुरक्षालाई प्राथमिकता दिँदै बलियो साइबर सुरक्षा मापदण्ड, प्रभावकारी डेटा संरक्षण नीति र सुरक्षित क्रस-बोर्डर डेटा स्थानान्तरण प्रणाली विकास गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

इन्साइट टेक्नोलोजीका प्रमुख कार्यकारी सुमन शर्माले ब्लुप्रिन्टलाई डिजिटल नेपालको सपना साकार पार्ने दिशामा महत्वपूर्ण दस्तावेज भन्दै डिजिटल पूर्वाधार सुदृढीकरणमा जोड दिनुपर्ने धारणा राख्नुभयो । क्यान महासङ्घका महासचिव चन्द्रविलास भुर्तेलले डिजिटल नेपालको परिकल्पना साकार पार्न निजी क्षेत्रको सक्रिय सहभागिता अपरिहार्य भएको उल्लेख गर्नुभयो ।

सो अवसरमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव सचिव पौडेलले ब्लुप्रिन्टलाई अझ प्रभावकारी बनाउन प्राप्त सुझावलाई समावेश गरिने बताउँदै निजी क्षेत्रसँग सहकार्य गर्न सरकार प्रतिवद्ध रहेको स्पष्ट पार्नुभयो ।

ई-गभर्नेन्स ब्लुप्रिन्ट २०८१ मा ७ रणनीतिक स्तम्भ, डिजिटल पूर्वाधार सुदृढीकरण, नागरिक केन्द्रित सेवा, मानव स्रोत विकास, नवप्रवर्तन, कानुनी अद्यावधिक, समन्वय र मूल्याङ्कनलगायतका पक्ष समेटिएका छन् ।

ब्लुप्रिन्टले साझा राष्ट्रिय क्लाउड, ग्रामीण इन्टरनेट विस्तार, डिजिटल ड्यासबोर्ड, नागरिक एप, रियल-टाइम प्रतिक्रिया संयन्त्र, हरित सूचना प्रविधि र स्थानीय भाषामा सेवाको प्रयोगसमेत समेटेको छ ।

# पर्वतीय पर्यटन नेपालको शान र पहिचान

**सिद्धराज राई**
काठमाडौँ, ११ जेठ (रासस)।

नेपाल प्राकृतिक सुन्दरताले भरिएको देश हो। प्राकृतिक सुन्दरताले नै नेपाल संसारको उत्कृष्ट पर्यटकीय गन्तव्य बनेको छ। नेपालका हिमाल, पर्वतीय सांस्कृतिक, प्राकृतिक, भौगोलिक, जातीय, भाषिक, वातावरणीयलगायतको विविधता रहेको छ। नयाँ ठाउँ हेर्ने, नयाँ कार्य गर्ने, नयाँ विषय खोज्ने तथा बुझ्ने साथै मनको आनन्द लिने कार्य नै पर्यटनको मूल मर्म हो।

भौगोलिक विविधता नेपालको विशिष्ट पहिचान हो। नेपाल पर्यटकीय दृष्टिले र पर्यटकीय क्रियाकलापहरूको सम्भावनालाई बढोत्तरी गर्नमा भौगोलिक विविधताले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। यस विविधताले नै पर्यटनका विविध क्षेत्रहरूमध्ये साहसिक पर्यटनअन्तर्गत पर्ने पर्वतारोहण सम्भव भएको हो र यसका लागि नेपाल संसारकै आकर्षक गतव्यमा पर्दछ। नेपालमा पर्वतारोहणले समग्र पर्यटन क्षेत्रको महत्त्वपूर्ण र आकर्षक स्थान ओगटेको छ।

नेपाल सरकारले सर्वोच्च शिखर सगरमाथालगायत आठ हजार मिटर माथिका आठवटै हिमालहरू समेत गरेर चार सयभन्दा बढी हिमालमा आरोहण खुला गरेको छ। शताब्दीऔँ पहिलेबाट नेपालमा पर्वतारोहणका कार्य आरम्भ भएको पाइन्छ। सन् १९२१ मा सगरमाथा हिमाल आरोहणको पहिलो प्रयास भएको र उक्त अवधिमा सगरमाथा चढ्ने बाटो पत्ता लागेको अध्ययनबाट देखिन्छ। बेलायत सरकारले लेफ्टिनेन्ट कर्णेल सिके होवार्ड बुरेको नेतृत्वमा जर्ज मेलोरी तथा अन्य पर्वतारोही र सर्भेयरहरू समावेश गरी पहिलोपटक सगरमाथाको आरोहण गर्ने टोली बनाएको थियो। उक्त टोलीले सन् १९२१ को वसन्त ऋतुमा तिब्बतबाट सगरमाथा आधार शिविर जाने बाटो पत्ता लगायो र सगरमाथाको तिब्बती मोहोडातिरबाट लगभग सात हजार मिटरको उचाइसम्म पुगेर फर्किएको इतिहास रहेको छ। यो ठाउँलाई हाल नर्थ कोल भनिन्छ।

सन् १९५० मा भएको अन्नपूर्ण हिमालको सफल आरोहण नै आठ हजार मिटरमाथिका हिमालमा मानव पाइला पुगेको पहिलो इतिहास हो। सन् १९५३ मे २९ मा न्यूजील्याण्डका नागरिक, एडमण्ड हिलारी र नेपाली नागरिक तेन्जिङ नोर्गे शेर्पाले विश्वको सर्वोच्च शिखर सगरमाथामा पहिलोपटक मानव पाइला टेक्न सफल हुनुभयो। यसपछि नेपालमा पर्वतारोहणले विश्वको ध्यान आकर्षित गर्‍यो भन्दा अत्युक्ति नहोला। योसँगै नेपालको महाभारत र चुरे पर्वत शृङ्खलामा बनेका ताल, झर्ना, सहासिक खेल र प्राकृतिक सुन्दरताले नेपालको पर्यटनले थप उचाइमा लगेको छ।

विश्वकै सर्वोच्व शिखर सगरमाथासँगै सुन्दर हिमशृङ्खला हुनुले नेपाललाई 'पर्वतीय गन्तव्य'का रूपमा चिनाएको छ। पर्वतीय शृङ्खलाहरू हाम्रो शान र पहिचान हुन्। यी शृङ्खलामा फस्टाउने पर्यटन उद्योगले आर्थिक सुधारका लागि छिटोभन्दा छिटो नतिजा दिन सक्छ। पर्यटनको विकास हुन सक्यो भने हामीले छिटै आर्थिक समृद्धि हासिल गर्न सक्छौँ। नेपाल सरकारले अघि सारेको 'समृद्ध नेपाल, सुखी नेपाली' नारालाई सार्थक बनाउन पर्यटन क्षेत्र एक दरिलो आधार बन्न सक्छ। पर्यटकहरूको आगमन बढेपछि हाम्रो आर्थिक उपार्जनको स्रोतहरू अथाह बढेर जानेछन् भन्ने हाम्रो विश्वास हो। पर्यटकलाई घुमाएर होस् वा खान बस्न दिएर, आफ्नो कला संस्कृति प्रस्तुत गरेर होस् वा कुनै उत्पादन बेचेर, मनग्यै आयआर्जन लिन सकिने सम्भावना रहन्छ।

हिमाललाई ब्रान्डिङ गर्ने र भौतिक पूर्वाधारहरू निर्माण गर्ने कार्य अहिलेको आवश्यकता हो। विदेशी मिडियाले पनि नेपालको हिमालमा भएका गतिविधिलाई मुख्य समाचार बनाएको पाउँछौँ। हिमाली पर्यटन अबको नयाँ विकल्प हुने छ। यसलाई नेपालले उपयोग गर्नुपर्छ भन्ने हामीलाई लागेको छ। पछिल्लो समयमा नेपालमा पदयात्री पर्यटकको सङ्ख्या बढेको छ। सगरमाथा, अन्नपूर्ण, लाङ्टाङ, कर्णाली, पूर्वमा कञ्चनजङ्घा र काठमाडौँ उपत्यका आसपासका पर्वतीय क्षेत्रमा समेत पदयात्रीको आकर्षण बढ्दै गएको देखिन्छ। पर्वतीय पर्यटनलाई थप समृद्ध बनाउन पदयात्रा पर्यटनलाई व्यवस्थित रुपमा सञ्चालन गर्न सके मात्रै आर्थिक रुपमा अपेक्षित सफलता हासिल गर्न सक्छौँ। पदयात्रा पर्यटनले स्थानीय सम्पदालाई असर नपुग्ने गरी स्वच्छ मनोरञ्जन एवं फरक अनुभूति बटुल्ने पर्यटकका गतिविधिलाई सम्मान गर्दछ। नेपालमा पर्वतीय क्षेत्रको पर्यटन प्राकृतिक तथा सांस्कृतिक सम्पदामा आधारित छ। यसलाई भरपुर उपभोग गर्न नसकेको यथार्थ हाम्रासामु रहेको छ।

हिमाल र पर्वतहरू प्रकृतिका अमूल्य सम्पदा हुन्। यस क्षेत्रलाई जैविक विविधताको मुख्य क्षेत्र भनेर पनि चिनिन्छ। पछिल्ला दिनमा हिमाल र पर्वतहरूले जलवायु परिवर्तनको ठूलो प्रभावको सामना गरिरहेका छन्। जलवायु परिवर्तनका प्रभावहरू तीव्ररूपमा बढ्दा नेपालको हिमाली क्षेत्रमा सबैभन्दा धेरै प्रतिकूल वातावरणीय प्रभाव परेको छ। हिमनदीहरू पग्लिँदै जानु, हिमालमा हिउँ हराउँदै जानु र अनियमित मौसमको सामना गर्नुपर्ने चुनौतीहरू हिमाली क्षेत्रमा खडा भएका छन्। कृषि, जलस्रोत, जैविक विविधतासँगै हिमाल र नजिकका क्षेत्रका समुदायको जीविकोपार्जनमा गम्भीर जोखिम देखिएको छ। हिमालमा जलवायु परिवर्तनको प्रभावले तल्लो र तटीय क्षेत्रमा दूरगामी प्रभाव पार्न सक्छ। यी विषयले अझै पनि विश्वमञ्चमा उचित प्रतिनिधित्व र बहस पाउन सकेको छैन। जलवायु परिवर्तनको विषयमा छलफल र अध्ययन पुगेकै छैन। पर्याप्त अध्ययन गर्न लगानी जरूरी पर्छ।

जलवायु परिवर्तनका विषयमा निरन्तर संवाद गर्नुपर्छ। यसै सन्दर्भमा नेपाल सरकारले यही जेठ २ देखि ४ गतेसम्म आयोजना गरेको सगरमाथा संवादले केही हदसम्म अन्तरराष्ट्रिय मञ्चमा नेपालको हिमाल र जलवायु परिवर्तनको प्रभावको विषयमा उजागर गर्ने प्रयास गरेको छ भन्ने हाम्रो बुझाइ हो। तर राजनीतिक परिवर्तनसँगै जलवायु परिवर्तनका विषयलाई हेर्ने दृष्टिकोण पनि परिवर्तन भएको पाइन्छ। यसले नेपालको मुद्दालाई अन्तरराष्ट्रिय फोरममा बहसमा लैजान समस्या हुने गरेको छ। आर्थिक सहयोग आउँदा सिजनल रुपमा मात्र कुरा उठाउनेभन्दा पनि निरन्तर अभियान चलाउनु पर्छ। अनुसन्धानबाट आएका तथ्यका आधारमा कसरी काम भइरहेको छ भनेर समीक्षा गर्नु पर्छ। प्रकृतिलाई बिगारेर होइन, सिङ्गारे र विकास गर्नुपर्छ। बोल्नेहरूले त आफैँ कुरा उठाउँछन्। तर नबोल्ने प्रकृतिका विषयमा पनि बोल्नुपर्छ। यो विषय आजको मुख्य दायित्व हो भन्ने लाग्दछ।

यही विषयलाई मनन् गरेर राससले पर्वतीय पर्यटनका विषयमा तस्बिर प्रदर्शनी गरेको हो। यस वर्षको गणतन्त्र दिवसलाई अवसर पारेर नेपालको पर्वतीय पर्यटनलाई टेवा पुर्‍याउने र नेपाल सरकारको 'सगरमाथा संवाद' कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि 'पर्वतीय पर्यटनः हाम्रो शान, हाम्रो पहिचान' शीर्षकमा तस्बिर प्रदर्शनी आयोजना गरेको छ। यो तस्बिर प्रदर्शनीले राससका फोटो पत्रकारले खिचेका, सम्प्रेषण भएका तस्बिरहरू खोज्ने र अर्काइभिङ गर्ने, राससमा छापिएका तस्बिर संरक्षण गरेर भावी पुस्तालाई अमूल्य सम्पत्ति हस्तान्तरण गर्ने, नेपालमा पर्वतीय पर्यटनको अवस्था र सम्भावनाको विषयमा जानकारी दिने र नेपालका हिमालहरूको विषयमा जानकारी दिने कार्य गर्छ भन्ने हामीलाई लागेको छ। नेपालका आठ हजार मिटर अग्ला र त्यसभन्दा होचा तर चर्चामा रहेका हिमालहरू, हिमाली क्षेत्रको जनजीवन, पर्वतीय शृङ्खलामा पुगेका विदेशी उच्च पदस्थ व्यक्तिहरू, पर्वतीय शृङ्खला, पहाडी क्षेत्रमा रहेका पर्यटकीय गन्तव्य, ताल, पोखरीलगायतका विषयमा खिचिएका तस्बिरलाई प्रदर्शनीमा राखेको छ। राससका समाचारदाताहरूले खिचेका र राससको बुलेटिनमा प्रकाशित भएका करिब एक सयवटा तस्बिरबाट नेपालको पर्वतीय पर्यटनलाई चिनाउने प्रयास गरेका छौँ। प्रदर्शनीमा राखिएका तस्बिरहरू नेपालको हिमाल र पर्वतीय क्षेत्रमा विकास भइरहेको पर्यटनलाई चिनाउने प्रयास मात्र हो। *(लेखक राससका महाप्रबन्धक हुनुहुन्छ)*

### *अदालतबाट कैद ...*

१५ दिन कैद र एक हजार पाँचसय रुपैयाँ जरिवाना तोकेको थियो।

गाउँघरमा लुकिछिपी बसेको अवस्थामा पक्राउ परेका दुवै जनालाई आईतबार नै सप्तरी जिल्ला अदालतमा उपस्थित गराउँदा आदेशानुसार कैद सजाय भुक्तानका लागि राजविराज कारागार चलान गरिएको प्रहरीले जनाएको छ।

### *गणतन्त्र दिवसमा ...*

वि.स. २०६५ साल जेष्ठ १५ गते संविधानसभाको पहिलो ऐतिहासिक बैठकले एक शताब्दी लामो राजतन्त्रको अन्त्य गरी नेपाललाई संघीय गणतान्त्रिक मुलुक घोषणा गरिएको थियो। जनआन्दोलन २०६२/६३ को जगमा गणतन्त्र घोषणा भएको ऐतिहासिक दिनको स्मरण गर्दै हरेक वर्ष जेठ १५ गते देशभर विभिन्न कार्यक्रम गरी यो मनाइने गरिन्छ।

### *पाँच महिनाको ...*

केन्द्रबाट सेवा विस्तार गर्नू पर्ने आवश्यकता छ। यसका लागी जग्गा पनि प्रशस्त छ। तर बजेटको अभावमा थप संरचना निर्माण गर्न न सकिएको उनले सुनाए।

उनले यस केन्द्रबाट सेवाहरुलाई थप प्रभावकारी बनाउन केही उपकरण, जनशक्ती, थपशैयया, संरचना निर्माण र खुल्ला रहेको जग्गामा पर्खालको घेरवार गर्न आवश्यक रहेको भन्दै यसका लागी स्थानीय, प्रदेश र संघिय सरकारले पनि सहयोग गर्नू पर्ने आवश्यक्ता औल्याए।

केन्द्रमा सप्तरी आसपासका साथै सिमावर्ती भारतीय क्षेत्रका अधिकांस नागरीक विभिन्न स्वास्थ्य समस्या भएपछि उपचारका लागी धरान, विराटनगर तथा भारतको दरभंगा, पटनादेखी दिल्लीसम्मका आँखाका बिरामीहरु आउने गरेका छन।


## बिमालेख हराएको सूचना

सप्तरी जिल्ला पंसेरा गापा ३ हाल खडक नगरपालिका ४ वस्ने लिलिया कुमारीले प्राइम लाइफ इन्स्युरेन्स कम्पनीबाट गरेको विमाका कागजात यही मिती २०८२ साल बैशाख १ गते राजविराज तर्फ आउदै गर्दा हराएको हुदा फेला पार्नूहुने महानुभावले नजिकको प्रहरी कार्यालयमा बुझाइदिन हुन अनुरोध छ।

**बिमालेख नं. :** ३१३३०००५७७२ र १३३०००७८३९
**निवेदक** : लिलिया कुमारी
**ठेगाना :** पंसेरा गापा ३ हाल खडक नगरपालिका ४ सप्तरी


## विश्व समाचार

### दशौँ लाख सिरियाली नागरिक असदको गुप्तचर र सुरक्षा निकायको 'खोजी सूचीमा'

दमास्कस, ११ जेठ (रासस/एएफपी)।

सिरियाको गृह मन्त्रालयका प्रवक्ता नौरेदिन अल-बाबाले गत डिसेम्बरमा सत्ताच्युत भएका लामो समयदेखिका शासक बशर अल असदको गुप्तचर र सुरक्षा निकायले करिब एक तिहाइ जनसङ्ख्यालाई उसको खोजी सूचीमा राखेको शनिबार बताउनुभएको छ।

बाबाले दमास्कसमा आयोजित पत्रकार सम्मेलनमा भन्नुभयो, "राजनीतिक कारणले पूर्ववर्ती सरकारले खोजीको सूचीमा राखेका मानिसहरूको सङ्ख्या ८० लाख नाघेको छ।

उहाँले भन्नुभयो, "सिरियाली जनताको लगभग एक तिहाई जनसङ्ख्यालाई पूर्व शासनको दमनकारी गुप्तचर र सुरक्षा एजेन्सीहरूले खोजीको सूचीमा राखेको थियो।"

असदले शान्तिपूर्ण सरकार विरोधी प्रदर्शनमाथि निर्मम दमन गरेपछि सिरियाको गृहयुद्ध सुरु भएको थियो र पछि लाखौँ सिरियालीहरू सुरक्षा सेवाहरूको डरलाग्दो जालमा फसेका थिए। उनीहरूले अभियोजन, दुरुपयोग र अधिकार उल्लङ्घनको सामना गर्नुपरेको थियो।

धेरैले प्रदर्शनमा भाग लिएको वा प्रचार गरेको, राज्यको प्रतिष्ठामा आँच पुऱ्याएको, विदेशी पक्षहरूसँग कुराकानी गरेको वा 'आतङ्कवाद' लाई आर्थिक तथा भौतिक रूपमा सहयोग गरेको आरोप खेप्नुपरेको थियो। असदले आफ्नो शासनको विरोध गर्ने सबै विद्रोही र समूहहरूका लागि 'आतङ्कवाद' शब्दको प्रयोग गर्नुभएको थियो। लाखौँ सिरियालीहरूलाई जेलमा फ्याँकियो, जहाँ धेरैले यातना भोग्नुपर्‍यो र दशौं हजार अझै हराइरहेका छन्।

धेरै मानिसहरूले सुरक्षा जाँचचौकीहरूमा हिरासतमा राख्दा वा देश छोड्न खोज्दा मात्र आफूलाई विभिन्न आरोपमा खोजीको सूचीमा राखिएको थाह पाएका थिए किनकि, आरोपहरू प्रायः गोप्य रूपमा जारी गरिन्थ्यो।

इस्लामी नेतृत्वको गठबन्धनले गत डिसेम्बरमा असदलाई उहाँको परिवारको पाँच दशक लामो कठोर शासनको अन्त्य गर्दै करिब १४ वर्षको कडा युद्धपछि अपदस्थ गरेको थियो।

बाबाको टिप्पणी गृह मन्त्रालयको पुनर्गठनको घोषणाको साइडलाइनमा आएको हो जसमा धेरै नयाँ विभागहरू सिर्जना गरिएको छ।

यसमा एक उजुरी विभाग र सिरियाको भूमि र समुद्री सीमाको प्रभारी एक सीमा सुरक्षा निकाय समावेश छ जसलाई विशेष गरी लागूपदार्थ र मानव तस्करी नेटवर्कको 'अवैध गतिविधि' को सामना गर्ने काम दिइएको छ।

### म्यान्मामा युद्धविरामको म्याद थपगर्न मलेसियाको आग्रह

क्वालालम्पुर, ११ जेठ (रासस/एएफपी)।

म्यान्मामा भूकम्पपछिको युद्धविरामको प्रभावकारितामाथि प्रश्न उठेको भए तापनि मे महिनाको अन्त्यमा समाप्त हुने गरी युद्धविरामको समयावधि थप र विस्तार गर्न मलेसियाले आइतबार आह्वान गरेको छ।

गत मार्चको अन्त्यमा गएको विनाशकारी भूकम्पमा परी करिब तीन हजार ८०० जनाको मृत्यु र दशौँ हजार घरबारविहीन भएपछि सत्तारुढ सैन्य जुन्टाले सुरुमा बहुपक्षीय गृहयुद्धमा युद्धविरामको घोषणा गरेको थियो।

युद्धविराम यसअघि पनि लम्ब्याइएको थियो यद्यपि, द्वन्द्व अनुगमनकर्ताहरूले जुन्टाको नियमित हवाई आक्रमणसहित लडाइँ जारी रहेको बताएका छन्। "आइतबार क्षेत्रीय विदेशमन्त्रीहरूको बैठकमा मलेसियाका विदेशमन्त्री मोहम्मद हसनले 'हाल प्रभावित क्षेत्रभन्दा बाहिर युद्धविरामको विस्तार गर्ने प्रस्ताव गर्नुभएको छ," एक विज्ञप्तिमा भनिएको छ।

"हामी म्यान्माका सरोकारवालाहरूलाई शत्रुता अन्त्य गर्न, युद्धविरामको विस्तार गर्न, पुनरुत्थानको लागि लामो र कठिन मार्गलाई सहज बनाउन र म्यान्माका जनताको पीडा कम गर्न आह्वान गर्दछौं," मोहम्मदले आफ्नो प्रारम्भिक भनाइमा उल्लेख गर्नुभयो।

मलेसियाले हाल १० सदस्यीय दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको सङ्गठन (आसियान) को आलोपालो अध्यक्षता सम्हाल्दै आएको छ।

सन् २०२१ को फेब्रुअरीमा म्यान्माले नागरिक नेतृ आङ सान सुकीलाई सत्ताच्युत गरेपछि म्यान्माको द्वन्द्व अन्त्यका लागि यस समूहले अहिलेसम्म निष्फल कूटनीतिक प्रयासको नेतृत्व गर्दै आएको छ।

आसियानले सन् २०२१ को अप्रिलमा जुन्तालगायत सबै समूहका नेताहरूबीच सहमति भएको पाँचबुँदे शान्ति योजना कार्यान्वयन गर्न सङ्घर्ष गरिरहेको छ। शान्ति सम्झौतामा प्रगति हुन नसकेको भन्दै जुन्टाका अधिकारीहरूलाई आसियान शिखर सम्मेलनमा सहभागी हुनबाट रोक लगाइएको छ।

मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिमले गत अप्रिलमा बैंककमा म्यान्माका जुन्टा नेता मिन आङ ह्लाइङलाई भेटेर युद्धविरामको सम्मान गर्न आग्रह गर्नुभएको थियो। संयुक्त राष्ट्रसङ्घ र स्वतन्त्र द्वन्द्व अनुगमनकर्ताहरूले युद्धविरामका बावजुद जुन्टाले हवाई आक्रमणको अभियान जारी राखेको बताएका छन्।

प्रत्यक्षदर्शीका अनुसार मे महिनाको मध्यतिर जुन्ताले सागाइङ क्षेत्रमा भूकम्पको केन्द्रविन्दु नजिकै रहेको एक विद्यालयमा गरेको हवाई आक्रमणमा २० बालबालिकासहित २२ जनाको मृत्यु भएको थियो। थुप्रै कू विरोधी र जातीय सशस्त्र समूहहरूले शत्रुता रोक्न आ-आफ्नो प्रतिज्ञा गरेका छन्द्द। तर पूर्वी म्यान्माका केही बासिन्दाले भने छिमेकी मुलुक थाइल्यान्डतर्फको आकर्षक व्यापारिक मार्गमा रहेको जुन्ताको कब्जामा रहेका सहरलाई कूविरोधी फौजले घेराहालेपछि आफूहरु विस्थापित भएको बताएका छन्। म्यान्माको जुन्टा प्रशासनले यस वर्षको अन्त्यतिर निर्वाचन गर्ने घोषणा गरेको छ।

तर म्यान्माको विपक्षी 'राष्ट्रिय सहमतिको सरकार'ले जनता र राजनीतिक दललाई सैन्य सरकारले आयोजना गर्ने कुनै पनि निर्वाचन बहिष्कार गर्न आग्रह गरेको छ। जुन्टा प्रमुख ह्लाइङसँग अप्रिलमा भएको भेटपछि आसियानले 'चिन्ता' व्यक्त गरेको र 'निष्पक्ष र स्वतन्त्र निर्वाचन' सुनिश्चित गर्न बिस्तारै सहमति निर्माण गर्न चाहेको बताएका थिए।

# नेपाल-भारत मैत्री संघद्वारा निःशुल्क स्वास्थ्य शिविर, पाँच सय भन्दा बढी महिलाले पाए उपचार



**दैनिक समाचारदाता**
**संखुवासभा, ११ जेठ ।**

नेपाल-भारत मैत्री संघको केन्द्रिय कार्यालयले आईतवार आयोजना गरेको निःशुल्क पाठेघर र स्तनक्यान्सर स्वास्थ्य शिविरको आयोजना गरेको छ ।

संखुवासभाको धर्मदेवी नगरपालिकामा आयोजना गरेको उक्त स्वास्थ्य शिविरमा एकै दिन ५ सय भन्दा बढी महिला लाभान्वित भएका छन ।

भक्तपुर क्यान्सर अस्पतालको विज्ञ समुहको प्राविधीक सहयोग तथा धर्मदेवी नगरपालिकाको समन्वयमा वडा नं.३ को कार्यालयमा आयोजित एक दिने निःशुल्क स्वास्थ्य शिविरमा ५ सय ७५ जना महिलाको स्वास्थ्य परिक्षण, प्रारम्भीक उपचार र निःशुल्क औषधी सहित उक्त रोगबाट बच्ने उपायबारे आवश्यक सचेतना समेत प्रदान गरिएको नेपाल-भारत मैत्री संघले जनाएको छ ।

केन्द्रिय अध्यक्ष तथा सप्तरी निवासी शैलेन्द्र मोहन झाले आर्थिक अवस्था कमजोर भएका तथा लोकलाजका कारण पनि रोग लुकाउने अवस्थामा रहेका महिलाहरुलाई लक्षित गरी यस्तो शिविर आयोजना गरिएको बताए । उनले यस्तो शिविर क्रमिकरुपमा देशका अन्य जिल्लामा समेत संचालन गर्ने योजना रहेको सुनाए ।

धर्मदेवी नगरपालिकाका मेयर उदय चन्द्र पौडेलको अध्यक्षता तथा नेपाल-भारत मैत्री संघका केन्द्रिय अध्यक्ष झाको प्रमुख आतिथ्यमा उदघाटन गरीएको शिविरमा भक्तपुर क्यान्सर अस्पतालका निर्देशक उज्जवल चालिसेको नेतृत्वमा २५ सदस्यीय चिकित्सक टोलीले स्वास्थ्य सेवा प्रदान गरेको शिविरका आयोजक नेपाल भारत मैत्री संघले जनाएको छ ।

सो अवसरमा संघका कोषाध्यक्ष अरुण कुमार सिह, केन्द्रीय सह प्रमुख सल्लाहकार लोकन्द्र श्रेष्ठ, केन्द्रीय सदस्य खडक बहादुर थापा, भक्तपुर क्यान्सर अस्पतालका परामर्शदाता प्रमोद एजु ढकाल समेतको उपस्थिती रहेको थियो ।

# यस वर्षको विपद् : २० लाख नागरिक प्रभावित हुने अनुमान

काठमाडौँ, ११ जेठ (रासस) ।

यसवर्षको प्रि-मनसुन सुरु भएसँगै मनसुन भित्रिने अवस्थामा पुगेको छ । यस वर्षको मनसुनबाट मुलुकमा चार लाख ५० हजार घरका २० लाख नागरिक प्रभावित हुने अनुमान गरिएको छ ।

मौसम विज्ञान विभागको पूर्वानुमानका आधारमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सबै विषयवस्तुको विश्लेषण गरी तयार पारेको प्रस्तावित मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२ मा उक्त अनुमान गरिएको हो ।

प्रभावितमध्ये १० प्रतिशत मानिसलाई उद्धार र राहत गर्नुपर्ने अवस्था आउनसक्ने आँकलनसहितको कार्ययोजना निर्माण गरिएको प्राधिकरणका प्रवक्ता रामबहादुर केसीले राससलाई जानकारी दिनुभयो ।

"हामीले अबको मनसुनमा २० लाख मानिस प्रभावित हुने आँकलन गरेका छौँ, देशका सबै प्रदेश प्रभावित हुने छन्, त्यही अनुसारका तयारी गर्न क्षेत्रगत रूपमा जिम्मेवारी समेत तोकिएको छ", उहाँले भन्नुभयो, "मौज्दात सामग्री के छ? कति थप आवश्यक पर्दछ? भन्ने सबै विषय आँकलन गरेर कार्ययोजना तयार पारेका हौँ ।"

यही जेठ १४ गते बस्ने गृहमन्त्री अध्यक्ष रहेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकमा उक्त राष्ट्रिय कार्ययोजना पेस हुने जनाउँदै प्रवक्ता केसीले सोही बैठकबाट पारित भएपछि कार्यान्वयनमा जाने उल्लेख गर्नुभयो । उहाँका अनुसार केन्द्र, प्रदेश, जिल्ला र स्थानीय तहसम्म कार्य जिम्मेवारी तोकिएको छ ।

यसपाली प्रस्तावित कार्ययोजनामा हरेक एक/एक महिनामा विपद्को अवस्थाका विषयमा अनुगमन, मूल्याङ्कन तथा समीक्षासमेत गर्ने योजना अघि सारिएको केसीले बताउनुभयो ।

यसअघि नेपालमा मनसुनी आँकलन सार्वजनिक भइसकेको छ । मौसम विज्ञान विभागले सार्वजनिक गरेको आँकलनमा वर्षा र अधिकतम तथा न्यूनतम तापक्रम पनि बढी हुने जनाएको छ । सोही पूर्वानुमानका आधारमा प्राधिकरणले सबै सरोकार भएका निकायका वाला प्रतिनिधि तथा सङ्घसंस्थासँग सुझाव लिएर विपद् प्रतिकार्य राष्ट्रिय कार्ययोजना तयार पारेको हो ।

जल तथा मौसम विज्ञान विभागले विभागले कर्णाली प्रदेशको पूर्वीभूभाग, लुम्बिनी प्रदेशको उत्तरी भूभाग र गण्डकी प्रदेशको अधिकांश भूभाग वर्षाबाट बढी प्रभावित हुनसक्ने उल्लेख गरेको छ ।

यही जेठ १८ देखि असोज १४ गतेसम्मको चार महिनाको अवधिमा देशका अधिकांश स्थानमा सरदर भन्दा बढी वर्षा हुने सम्भावना रहनुका साथै अधिकतम तापक्रम र न्यूनतम तापक्रमसमेत देशभर सरदर भन्दा बढी रहने सम्भावना रहेको विभागकी प्रवक्ता विभूति पोखरेलले जानकारी दिनुभयो ।

उहाँका अनुसार यस मनसुन ऋतुमा कर्णाली प्रदेशको पूर्वी भूभाग, लुम्बिनी प्रदेशको उत्तरी भूभाग र गण्डकी प्रदेशको अधिकांश भूभागमा सरदर भन्दा बढी वर्षा हुने सम्भावना ५५ देखि ६५ प्रतिशत रहेको छ ।

सुदूरपश्चिम प्रदेशको दक्षिणी भूभाग, लुम्बिनीको पश्चिमी भूभाग, गण्डकीको उत्तरपूर्वी भूभाग, बागमती र कोशी प्रदेशको उत्तरी भूभागमा सरदर भन्दा बढी वर्षा हुने सम्भावना ४५ देखि ५५ प्रतिशत रहेको छ ।

साथै मधेसका पूर्वी तथा दक्षिणी भूभागमा सरदर भन्दा बढी वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत र देशका बाँकी भूभागमा सरदर भन्दा बढी वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको विभागले जनाएको छ ।

# मधेस प्रदेशमा निर्जीवन बिमाबाट दुई अर्ब १५ करोड संकलन

वीरगञ्ज (पर्सा), ११ जेठ (रासस) ।

नेपाल बिमा प्राधिकरण मधेस प्रदेश कार्यालयले चालु आर्थिक वर्षको नौ महिनामा निर्जीवन बिमातर्फ रु दुई अर्ब १५ करोड ७६ लाख बिमा शुल्क सङ्कलन गरेको छ । सोही अवधिमा भने निर्जीवन बिमातर्फ जारी बिमा लेख सङ्ख्या भने रु दुई लाख ५९ हजार ४७५ रहेको छ ।

निर्जीवन बिमातर्फ सात हजार १२४ सङ्ख्याले रु एक अर्ब ६० करोड २६ लाख रकम दाबी भुक्तानी माग गरेका छन् । तर, कार्यालयले सो माग गरेकामध्ये पाँच हजार ५८५ जनालाई रु एक अर्ब आठ करोड ४३ करोड दाबी भुक्तानी गरेको जनाएको छ ।

नेपाल बिमा प्राधिकरण मधेस प्रदेश कार्यालय प्रमुख प्रीति देवले मधेस प्रदेशमा पर्याप्त जनचेतनाको अभावले बिमाप्रति सर्वसाधारणको आकर्षण अपेक्षाकृत रुपमा बढ्न नसकेको गुनासो गर्नुभयो । "हामीले बिमा सम्बन्धित साक्षारता अभियान सञ्चालन गर्दै आइरहेका छौँ", उहाँले भन्नुभयो, "आगामी दिनमा बिमाको पहुँच अभिवृद्धि हुनेमा आशावादी रहेका छौँ ।"

कार्यालयले चालु आवको नौ महिनामा जीवन बिमा शुल्कबापत रु ११ अर्ब १६ करोड ७९ लाख रकम सङ्कलन गरेको छ । सो अवधिमा मधेस प्रदेशमा ८६ हजार छ सय ७० वटा जीवन बिमाको बिमालेख सङ्ख्या रहेको छ ।

जीवन बिमा शुल्क सङ्कलनमा मधेस प्रदेशको हिस्सा नौ दशमलव २४ प्रतिशत रहेको छ । चैतसम्ममा जीवन बिमातर्फको दाबी भुक्तानी सङ्ख्या १७ हजार २६८ बाट रु दुई अर्ब ५४ करोड ६० लाख दाबी भुक्तानी गरेको छ ।

कार्यालयले गत आवको वर्षभरिमा भने जीवन बिमाकोतर्फको दाबी भुक्तानी सङ्ख्या २१ हजार ९०४ सङ्ख्याबाट रु दुई अर्ब ८७ करोड ७४ लाख रकम भुक्तानी गरेको थियो ।

# मस्तिष्क मृत्यु भएकाबाट प्राप्त कलेजो र मिर्गौला प्रत्यारोपण

भक्तपुर, ११ जेठ (रासस) ।

सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रले नेपालमा पहिलोपटक मस्तिष्क मृत्यु भएका व्यक्तिबाट लिएको मिर्गौला र कलेजो सफलतापूर्वक प्रत्यारोपण गरेको छ ।

केन्द्रले आइतबार यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा केन्द्रका कार्यकारी निर्देशक डा पुकारचन्द्र श्रेष्ठले मस्तिष्क मृत्यु भएका व्यक्तिबाट प्राप्त मिर्गौला र कलेजो सफलतापूर्वक प्रत्यारोपण गरिएको जानकारी दिनुभयो ।

यही जेठ १ गते मस्तिष्क मृत्यु भएका १८ वर्षीय पुरुषबाट प्राप्त दुई मिर्गौला र एउटा कलेजो प्राप्त भएपछि काठमाडौँ मेडिकल कलेजले झिकेको अङ्गमध्ये एउटा मिर्गौला र कलेजो एकजनालाई र आर्को मिर्गौला एकजनामा सफलतापूर्वक प्रत्यारोपण गरिएको उहाँले जानकारी दिनुभयो ।

केन्द्रका कार्यकारी निर्देशक डा श्रेष्ठले विश्वमा दुर्लभ मानिएको यस्तो प्रत्यारोपण नेपालका लागि पहिलो सफलता भएको बताउँदै भन्नुभयो, "मस्तिष्क मृत्यु भएका व्यक्तिबाट लिएको तीन अङ्गमध्ये एकजना बिरामीमा मिर्गौला र कलेजो प्रत्यारोपण गरिएको छ । अर्का ४२ वर्षीया एक महिलामा मिर्गौला प्रत्यारोपण सफलतापूर्वक सम्पन्न गरेका छौँ । उहाँको स्वास्थ्य अवस्था सुधार छ, अबको केही दिनमा उपचार सकेर घर फर्किनुहुन्छ ।"

केन्द्रका कार्यकारी निर्देशक एवं प्रत्यारोपण शल्यचिकित्सक डा पुकारचन्द्र श्रेष्ठको नेतृत्वमा, कलेजो प्रत्यारोपणमा डा रोशन घिमिरे र डा प्रवीण महर्जनको सहयोग तथा मिर्गौला प्रत्यारोपणमा डा दिपेश श्रेष्ठ, डा रुपेशकुमार झा, डा हरिप्रसाद बराल, डा रोजन अधिकारी, डा विकास खड्का, एनेस्थेसिया तथा क्रिटिकल केयर विभागबाट डा आरती राई, डा निभा श्रेष्ठ, डा शोभित थापा, डा रेखा श्रेष्ठ, नेफ्रोलोजी विभागबाट डा कल्पनाकुमारी श्रेष्ठ, डा लुसन सिंह, डा सुमित आचार्य, डा सन्तोष सुवेदी र डा विक्रमवीर बज्राचार्यलगायत स्वास्थ्यकर्मीले सहफलतापूर्वक प्रत्यारोपण गर्नुभएको थियो ।

मस्तिष्क मृत भएका व्यक्तिबाट प्राप्त कलेजो र मिर्गौला प्रत्यारोपण नेपाली टोलीबाटै सफल हुनाले चिकित्सा क्षेत्रमा उल्लेख्य उपलब्धि हासिल भएको भएको कार्यकारी निर्देशक डा श्रेष्ठले बताउनुभयो । नेपालमा सडक दुर्घटनाबाट प्रत्येक दिन चारदेखि छ जनाको मृत्यु हुने गरेको भन्दै काठमाडौँ उपत्यकामा मात्रै वार्षिक करिब एक हजार जनाको मस्तिष्क मृत्यु हुने गरिएकामा उनीहरूको अङ्ग झिकेर प्रत्यारोपण गर्न सके नेपाल अङ्ग प्रत्यारोपणमा आत्मनिर्भर हुनसक्ने अस्पतालले जनाएको छ ।

एकजना मस्तिष्क मृत्यु भएका व्यक्तिबाट दुई मिर्गौला, दुई फोक्सो, एक कलेजो, एक मुटु, एक प्याङ्क्रियाज, एक सानो आन्द्रा गरी आठ जनामा अङ्ग प्रत्यारोपण गरेर जीवन दिन सकिन्छ ।

मस्तिष्क मृत्यु पश्चातको अङ्गदान र प्रत्यारोपण संसारमा कठिनताका साथ स्थापित हुँदै गएको हुँदा यससम्बन्धी जनचेतना अभिवृद्धि गर्न सकिएमा पश्चिमा मुलुकमा जस्तै नेपालमा पनि ८० प्रतिशत भन्दा बढी प्रत्यारोपण मस्तिष्क मृत्यु पश्चात हुने अङ्गदानबाट हुनसक्ने र देश अङ्ग प्रत्यारोपणमा आत्मनिर्भर बन्ने केन्द्रका कार्यकारी निर्देशक डा श्रेष्ठले बताउनुभयो ।

केन्द्रले विसं २०७३ मङ्सिर २२ मा पहिलो पटक दक्षिण कोरियाली विज्ञको सहयोगमा कलेजो प्रत्यारोपण सफलतापूर्वक सम्पन्न गरेको थियो । नेपाली टोलीबाट विसं २०७५ कात्तिक १२ गते पहिलोपटक कलेजो प्रत्यारोपण गर्न सफल भएको थियो ।

केन्द्रले हालसम्म तीन वर्षको बालकदेखि ६८ वर्षसम्मका व्यक्तिसम्म गरी ३४ जनाको कलेजो प्रत्यारोपण गरिसकेको छ । केन्द्रमा रु १५ देखि २० लाखमा कलेजो प्रत्यारोपण हुँदै आएको जनाइएको छ ।

केन्द्रले देशमा पहिलोपटक विसं २०७४ वैशाख २८ गते मस्तिष्क मृत्यु भएका व्यक्तिबाट दुई मिर्गौला प्रत्यारोपण गरेको थियो । त्यसपछि हालसम्म छ जना व्यक्तिबाट प्राप्त गरी १२ जनाको मिर्गौला र चार जनाको कलेजो प्रत्यारोपण गरेको केन्द्रका कार्यकारी निर्देशक डा श्रेष्ठले जानकारी दिनुभयो ।

# विषाक्त च्याउ खाएका तीनै जनाको मृत्यु

दमक (झापा), ११ जेठ (रासस) ।

विषाक्त च्याउ खाएर बिरामी परेका इलाम माङसेबुङको एकै वडाका तीन जनाको ज्यान गएको छ ।

माङसेबुङ गाउँपालिका-५ का ५५ वर्षीय अमर लावती, २५ वर्षीया मनिषा लिम्बू र १७ वर्षीया नुमा लावतीको ज्यान गएको हो ।

बिर्तामोडस्थित बिएनसी अस्पतालका सूचना अधिकारी डा अनुपम घिमिरेका अनुसार छ दिनअघि चिया बगानमा उम्रिएको च्याउ खाएका उनीहरू एक्कासी बिरामी परेका थिए । मनिषा र नुमाको विराट नर्सिङ अस्पताल विराटनगर र यसअघि नै मृत्यु भएको थियो । लावतीको आइतबार बिएनसी अस्पतालमा मृत्यु भएको हो ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेवसाइट :** rajbirajdainik.com.np